नेपाल रिपब्लिक मिडिया

# नागरिक

काठमाडौं, नेपालगन्ज र विराटनगरबाट एकसाथ प्रकाशित

nagariknews.com दैनिक



म पनि मतदाता । ८



संविधानसभा बहस

## नेपालमा १० प्रदेश उपयुक्त



**खनाल लेख्छन्**

जातिको पहिचान र ऐतिहासिकतालाई अस्वीकार गरेर प्रदेश निर्माणको कुरा गर्नु आदर्शमात्र हुन्छ। पहिचान र सामर्थ्य दुवैको सन्तुलन राष्ट्रिय आवश्यकता हो। यो सन्तुलन गर्ने हो भने हामी १० वटासम्म प्रदेशमा जानसक्छौं।

विचार, पृष्ठ ६

## जलविद्युत आयोजनाको सुरक्षा सेनाले गर्ने

काठमाडौं, असार १ (नागरिक)- सरकारले निर्माणाधीन जलविद्युत् आयोजनाहरूको सुरक्षाका निम्ति नेपाली सेना परिचालन गर्ने भएको छ। आयोजनाहरूको सुरक्षामा सशस्त्र प्रहरी परिचालन गर्ने निर्णय भए पनि स्थिति नियन्त्रण हुन नसक्ने अवस्था आएपछि सेना नै राख्ने सरकारको तयारी छ। बुधबार मन्त्रिपरिषद् बैठकले ठूला जलविद्युत आयोजनाहरूमा 'आवश्यकता अनुसार' सेना परिचालन गर्ने निर्णय गरेको ऊर्जामन्त्री गोकर्ण बिष्टले बताए। विस्तृत पृष्ठ ३

## सूर्य नेपाल गार्मेन्टमा मजदुर-प्रहरी झडप

आर्थिक, पृष्ठ ख

NIMBUS
Agri Business Enterprise
www.nimbusnepal.com

# डिएसपी र फरार अभियुक्त घनिष्ठ

## पत्रकारमाथि आक्रमण भएको दिन ६ चोटि फोन वार्तालाप, अदालत आक्रमणपछि २० चोटि

**केपी ढुंगाना**

*काठमाडौं, असार १*

मोरङका डिएसपी सहकुलबहादुर थापा र फरार अभियुक्त पर्शुराम बस्नेतबीच विराटनगरमा अदालत र पत्रकार आक्रमणका बेला अत्यधिक टेलिफोन सम्पर्क हुने गरेको फेला परेको छ।

उच्च स्रोतबाट प्राप्त पर्शुरामको टेलिफोन कल विवरणअनुसार पत्रकार खिलानाथ ढकालमाथि सांघातिक हमला गरेको दिन डिएसपी थापा र पर्शुरामबीच ६ पटक कुराकानी भएको पाइएको छ।

घटनाको दिन पर्शुरामले आफ्नो ९८५२०२१६५० बाट डिएसपी थापाको ९८४२४०५५५५ मा ६ पटक सम्पर्क गरेको खुलेको छ। त्यसको भोलिपल्ट एकाबिहानै (३ बजेर ३९ मिनेटमा) दुबै जनाबीच एक मिनेट कुराकानी भएको देखिएको छ। जबकि त्यही राति पत्रकार ढकालको उद्धारमा आफैं पुगेका प्रहरी निरीक्षक दुर्गा रेग्मीले पर्शुरामका घनिष्ठ सहयोगी रोहित कोइरालालाई गिरफ्तार गरिसकेका थिए।

घटनाको दिन बिहानैबाट थापा र पर्शुरामबीच पटक-पटक फोन सम्पर्क भएको देखिन्छ। बिहान १० बजेर १० सेकेन्डमा २ मिनेट ५ सेकेन्ड, साढे ११ बजे पाँच सेकेन्ड सम्पर्क भएको थियो। ११ बजेभित्र उनीहरूबीच चार पटक कुराकानी भएको थियो।

पर्शुरामले घटनाको दोस्रो दिन बेलुका सवा ६ बजेसम्म आफ्नो मोबाइल चलाएको कल विवरणमा देखिएको छ। बेलुका ६:१८ मा बन्द भएको मोबाईल एक्कासि चार दिनपछि खुलेको थियो। उनले जेठ २७ गते बिहान आठ बजे ९८५२०२००६९ मा दुई पटक फोन गरी कुराकानी गरेलगत्तै पुन मोबाइल आफ गरेका थिए। उनले २८ गते १:५६ मा मोबाइल अन गरी ९८५२०२२६०४,९८५२०२००५५, ९८५२०२७७८४ र ९८५२०७२०९० मा चार करिब डेढ मिनेट कुरा गरेका थिए।



डिएसपी सहकुल थापा



फरार अभियुक्त पर्शुराम बस्नेत

कल विवरणको रेकर्डबाट डिएसपी थापा र पर्शुरामबीच घनिष्ठ सम्पर्क रहेको पुष्टि हुन्छ। पर्शुरामले अदालतभित्र बन्दीमाथि आक्रमण गर्न कार्यकर्ताहरू पठाएको भोलिपल्ट गत जेठ १९ गतेदेखि १० दिनभित्र उनीहरूबीच २० पटक फोन सम्पर्क भएको थियो। एकै दिन पाँच-पाँच पटकसम्म फोनमा लामो कुराकानी भएको पनि देखिन्छ।

जेठ १९ गते उनीहरूबीच बिहान आठ बजेदेखि बेलुका साढे सात बजेसम्म पटक-पटक सम्पर्क भएको थियो। त्यसको भोलिपल्ट पनि एकपल्ट सम्पर्क भएको देखिन्छ। २२ गते फेरि अपरान्ह साढे चार बजेदेखि तीन पटक कुराकानी भएको देखिन्छ।

## 'लगत्तै नेतालाई खबर गरेको थिएँ'

**अमर खड्का**

*विराटनगर, असार १*

पत्रकार खिलानाथ ढकालमाथि निर्घात आक्रमण गर्ने मनोज राईले 'त्यसलगत्तै 'जिम्मेवार नेता'लाई टेलिफोनमा जानकारी गराएको बयान दिएका छन्।

मोरङका सहायक जिल्ला न्यायाधिवक्ता पुन्यप्रसाद पाठकले राईलाई उद्धृत गर्दै नागरिकसँग भने, 'आक्रमण गरेको जिम्मेवार नेतालाई जानकारी दिंदा भाग्नू भनेकाले भागेको हुँ।'

पाठकका अनुसार राईले ढकाललाई कुटपिट गरिरहँदा अर्का अभियुक्त युथफोर्स, विराटनगर इन्चार्ज रोहित कोइरालाले फोन गरेकोसमेत बयान दिएका छन्।

उनीहरूको बयानको 'सिक्वेन्स' नमिलेको (बाझेको) र राईले 'जिम्मेवार नेतासँग सम्पर्क भएको' बताउनुले आक्रमण 'निर्देशनमा गरेको पुष्टि' हुने पाठकले बताए।

सरकारी वकिल कार्यालयले थुनामा रहेका कोइराला र राईसँग क्रमशः सोमबार र मंगलबार बयान लिएको थियो। 'रोहितले (ढकाललाई) बोलाएर लगेको र मनोजलाई जिम्मा लगाएको स्वीकार गरेका छन्, मनोजले रक्सी सेवन गरेकाले रिस थेग्न नसकेपछि आक्रमण गरेको बयान दिएका छन्,' पाठकले भने।

## विराटनगर निषेधित क्षेत्र

**अजित तिवारी**

*विराटनगर, असार १*

सत्तारूढ नेकपा एमालेकै भातृसंगठन युवासंघ, नेपालले गर्न लागेको प्रतिकार सभामा असुरक्षा हुने अनुमान गरी मोरङ जिल्ला प्रशासनले विराटनगर सहर क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ।

प्रजिअ सुरेश अधिकारीले बुधबार साँझ निषेधित क्षेत्र घोषणा गर्दै बिहीबार बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म सहर क्षेत्रमा पाँच जनाभन्दा बढी भेला हुन नपाउने आदेश दिएका छन्।

विराटनगर सहरको उत्तर कन्चनबारी चोक, दक्षिण रोडशेष चोक, पूर्व हाटखोला र पश्चिममा हाइवे हुँदै केही भित्री सडकलाई जिल्ला प्रशासनले निषेधित क्षेत्रको चार किल्ला ठहर गरेको छ।

पत्रकार खिलानाथ ढकाललाई जेठ २२ गते राति आक्रमण गराएका युथफोर्स मोरङ अध्यक्ष पर्शुराम बस्नेतका पक्षमा बिहीबार एमालेको भातृ संगठन युवासंघले प्रतिकारसभा गर्ने तयारी गरेको थियो। बुधबार बसेको जिल्ला सुरक्षा समितिको बैठकपछि सुरक्षा कायम गर्न नसक्ने भन्दै जिल्ला प्रशासनले विराटनगरलाई निषेधित क्षेत्र घोषणा गरेको हो।

प्रतिकार सभाको तयारीका लागि युवासंघका केन्द्रीय अध्यक्ष महेश बस्नेत बुधबारै राजधानीबाट विराटनगर पुगेका थिए। युवा कार्यकर्ताहरूले उनलाई विमानस्थलदेखि एमाले पार्टी कार्यालयसम्म कार र मोटरसाइकलको लश्करबाट एस्कर्टिङ गरेका थिए।

बिहीबार मध्यान्ह जनआन्दोलन चोकमा आयोजना हुने प्रतिकारसभामा महेश बस्नेत र फरार अभियुक्त पर्शुराम बस्नेत, दुबैजनाले सम्बोधन गर्ने भन्दै युवासंघका कार्यकर्ताले माइकिङ गरेका थिए। बिहीबारै पर्शुरामलाई कारबाहीको माग गर्दै १३ युवा संगठनले पनि सभाको घोषणा गरेकाले जिल्ला सुरक्षा समितिले झडपको आशंका गरेको थियो।

### सुरक्षा समिति बैठकमा चर्काचर्की

सर्वदलीय बैठकमा अन्य दलका प्रतिनिधिले 'गुण्डाको संरक्षण गरेको' आरोप लगाएपछि एमाले जिल्ला अध्यक्ष विनोद ढकाल आक्रोशित भएका थिए। फोरमका केन्द्रीय सदस्य मृत्युन्जयकुमार झाले गुण्डा परिचालन गरेको आरोप लगाएपछि ढकालले 'मसँग गुण्डा छन्, परिचालन गर्छु त, तपाईंहरूसँग पनि भए गर्नुस्' भनेका थिए। 'हामीले गुण्डालाई संरक्षण नगर्नुस् भन्यौं,' एकीकृत माओवादी मोरङ कार्यवाहक इन्चार्ज गणेश उप्रेतीले भने, 'उहाँले संरक्षण गर्ने खालकै कुरा गर्नुभयो।' बैठकमा चर्काचर्की भएपछि ढकाल निर्णयमा सहभागी नभई 'सबैलाई भोलि देखाइदिन्छु' भन्दै बाहिरिएको झाले बताए।

## 'अदालतमै उपस्थित गराउने' चाल

काठमाडौं, असार १ (नागरिक)- सरकारले पर्शुराम बस्नेतलाई पक्राउ नगर्नुको कारण उनलाई अदालतमा उपस्थित हुने अवसर दिनु हो भन्ने खुल्दै गएको छ।

प्रधानमन्त्री झलनाथ खनालको दल एमालेका नेताहरूले विराटनगरमा बुधबारदेखि त्यसकै वातावरण बनाउने पहल थालेका छन्। उनीहरूले प्रशासन, प्रहरी र अन्य दलका नेतासमेत त्यसमा 'सहमत भइसकेको' समेत बताएका छन्।

मुद्दा दर्ता गर्दासम्म फरार भइरहे एकैचोटि अदालतमा उपस्थित भए पुग्ने कानुनी व्यवस्था बस्नेतका लागि सुबिधा भएको छ।

किटानी जाहेरी दर्ता भएपछि अभियुक्तविरुद्ध अदालतमा २५ दिनमा मुद्दा दर्ता गर्ने व्यवस्था छ। त्यति दिनभित्र उनी प्रहरीको फेला नपरे बाँकी दुई थुनुवालाई लिएर प्रहरीले अदालतमा मुद्दा दर्ता गर्नुपर्ने हुन्छ।

'मुद्दा दायर भएपछि अदालतमा अन्य अभियुक्तसँग फरार व्यक्तिको बयान र थुनछेक बहस हुन्छ,' अपराधशास्त्री लभ मैनाली भन्छन्, 'थुनछेक बहसकै बेला अदालतले फरार व्यक्तिलाई ७० दिनको वारेन्ट जारी गर्ने प्रक्रिया छ।'

बाँकी पृष्ठ २

## अदालत...

सई श्रेष्ठ पर्शुरामसँग मिलेको भन्दै बन्दी गिरीले श्रीमती अनिषामार्फत दर्ता गर्न पठाएको किटानी जाहेरी मोरङ जिल्ला प्रहरीले अस्वीकार गऱ्यो । हाल छानबिनमा परेका डिएसपी थापाले सई श्रेष्ठको समेत नाम देखेपछि रिसाउँदै 'प्रहरीको पनि नाम हाल्ने हो भने विराटनगरभरिका मान्छे र मेरो पनि नाम किटेर ल्याउनू' भन्दै जाहेरी फर्काएका थिए । ३९ जनाको नाम तोकेर दिन खोजिएको जाहेरीमा पर्शुरामको नाम एक नम्बरमा थियो । प्रहरीले तिनै घाइते बुढाथोकी र यादवसहितलाई सार्वजनिक मुद्दा लगाउन आफैं दर्ता गरेको जाहेरीमा पर्शुरामको नाम छैन ।

बन्दी गिरीले अदालतमा आफूमाथि आक्रमण हुनसक्ने संकेत पाई प्रहरीसँग उनीहरूकै भ्यानमा बलियो सुरक्षा माग गरेको घाइते भएलगत्तै अदालत परिसरमा नागरिक संवाददाता ढकाललाई बताएका थिए । 'मैले बारम्बार भनेको थिएँ, ममाथि पर्शुराम समूहले आक्रमण गर्नसक्छ, मलाई निजी भ्यानमा होइन, प्रहरी भ्यानमा सुरक्षा व्यवस्थासाथ लैजानुस्,' उनले भनेका थिए । उनले 'पहिल्यै अदालतमा उपस्थित भएर पर्शुरामलाई सबै सूचना लिक गरेको र उसका केटा परिचालन गर्न बसेको' आरोप श्रेष्ठलाई लगाउँदै जाहेरीमा नाम पार्न खोजेका थिए ।

गिरीले छ दिनपहिलाको बयानका क्रममा पर्शुरामले अदालतमै आक्रमणको तयारी गरेको भन्दै सुरक्षा माग गरिसकेका थिए ।

**पत्रकार आक्रमणमा पनि भूमिकाको आशंका**

संवाददाता ढकालले अदालत परिसरमा भएको आक्रमणबारे समाचारमा गिरी र पर्शुरामबीचको आपराधिक सम्बन्धको पृष्ठभूमि दिएका थिए । त्यसको चार दिनपछि गत जेठ २२ गते ढकाल एमाले जिल्ला कार्यालय पुगेका थिए । त्यहाँ पर्शुरामले उनलाई समाचार खण्डन गर्न दबाब दिँदै 'मलाई गुण्डा ठान्नुहुन्छ भने म पनि त्यस्तै व्यवहार गरूँला' भन्ने धम्की दिए ।

त्यस्तो धम्की आएपछि उनी पर्शुराम र गिरीबीचको सम्बन्धको समाचार महत्वपूर्ण हुने रहेछ भन्ठान्दै विस्तृत रूपमा बुझ्न जिल्ला प्रहरी कार्यालय पुगे । उनले मुद्दा फाँटका सई श्रेष्ठलाई भेटेर पर्शुरामले धम्की दिएको बताउँदै सोधे, 'यिनीहरूको सम्बन्ध कस्तो हो भन्ने जान्न मन लागेर म आएको हुँ ।'

सई श्रेष्ठले 'अलि जोगिनू है' भन्ने सुझाव दिए । तर विगतका घटनाबारे धेरै जानकारी दिएनन् ।

त्यही राति ढकालमाथि आक्रमण भयो । त्यही दिन पनि सई श्रेष्ठ र पर्शुरामबीच सातपटक टेलिफोन सम्पर्क भएको कल विवरणमा देखिएको छ । विवरणअनुसार ढकालले धम्की दिएको सुनाउँदै पर्शुरामको विगतबारे धेरै प्रश्न गरेपछि पनि श्रेष्ठ र पर्शुरामबीच सम्पर्क भएको थियो ।

त्यतिमात्र होइन, ढकालमाथि आक्रमण भएको भोलिपल्ट २३ गते सई श्रेष्ठ र पर्शुरामबीच ११:४२, १:१४ र १:१९ मा पनि सम्पर्क भएको देखिन्छ । जबकि त्यतिबेलासम्म पर्शुरामले ढकालमाथि आक्रमण गराएको समाचार आइसकेको थियो र प्रहरीले पर्शुरामलाई खोजिरहेको जानकारी दिइरहेको थियो